बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाँसीमुड्डा, मोरङ
प्रदेश नं १, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**विषय :-आ. व. २०७७।२०७८ को लागि सडक उपयोग सेवा शुल्क (दैनिक) र उद्योग बाट निस्कने कबाडीजन्य मालसामानमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

सूचना प्रकाशित मिति २०७७।०२।२६

**(बिद्युतीय खरिद प्रणाली (e-GP) बाट मात्र)**

आ.व. २०७७।२०७८ को लागि यस गांउपालिकाको क्षेत्र भित्र चल्ने सवारी साधनमा स्थानीय सडक पूर्वाधार सेवा शुल्क (दैनिक ) र कबाडी मालसामान हरुको बिकि बितरण तथा उपयोगमा लाग्ने कवाडी कर संकलनको लागी देहाय बमोजिमको आन्तरिक आय सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरि कर तथा शूल्क संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरेको तपसिल बमाजीमको बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुनेगरी) छुट्टा छुट्टै खरिद गरी तोकिएको म्याद भित्रमा बिद्युतीय खरिद प्रणाली (e-GP) बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| सि.नं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु.(भ्याट बाहेक) | बोलपत्र खरिद दस्तु |
|---|---|---|---|---|
| १ | स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन ( दैनिक) | मुख्य राजमार्ग बाहेक गा.पा.को क्षेत्र भित्रका सडकहरु | ८,६१,०००।०० | १०००।०० |
| २ | कबाडी मालसामानहरुको बिकी बितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजर्मार्ग समेत गा.पा.को क्षेत्र भित्रका उद्योग कलकारखानाहरु | ६१,००,०००।०० | ३०००।०० |

**शर्तहरुः-**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाता फर्म कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्र , आ.व. ०७६।०७७ सम्मको फर्म नविकरण, आ.व. ०७५।०७६ को चुक्ता गरेको प्रमाणपत्र हरुको प्रतिलिपी तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०७७।०३।२४ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दी बोलपत्रहरु **बिद्युतीय खरिद प्रणाली (e-GP)** PPMO's Website www.bolpatra.gov.np/egp बाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

२. बोलपत्र फारम खरिदको लागी बुढीगंगा गांऊपालिकाको नाममा रहेको एन.आई.सी.एशिया बैक लिमिटेड पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको राजस्व आम्दानी खाता न.६९ca५०११७५५२४००१ मा र कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. पुष्पलालचौक शाखा कार्यालय बिराटनगर मा रहेको धरौटी खाता नं. ६९ca५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचरहरु पिडियफ फरमेटमा स्क्यान गरी वा सूचना प्रकाशित भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैक वा बित्तिय संस्था बाट बैंक ग्यारेन्टी (बिड बण्ड) पिडियफ फरमेटमा स्क्यान गरी पेश गर्नुपर्ने छ ।

३. प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नुपर्ने छ । स्विकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुने छ । अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ ।

४. कर, दस्तुर तथा शु:ल्कहरुको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ ।

५. आ.व. ०७७।०७८ को लागि कर तथा शुल्क संकलन मिति २०७७ साल श्रावण १ गते देखि मिति २०७८ साल असार मसान्त सम्म हुनेछ ।

६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन ।

७. बोलकबोल अंकको रकम सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ । एकमुष्ट रकम नबुझाएमा छुट दिईनेछैन । बैकमा नगद जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.मा रहेको यस गाउँपालिकाको संचित कोष खाता नं.६९ca५०११७५५२४००१ मा जम्मा गर्नुपर्नेछ र संझौता गर्दाको समयमा ४० प्रतिशत रकम बुझाउनुपर्नेछ र बांकी ६० प्रतिशत रकम नगदै वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्था बाट मिति २०७८ साउन मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) पेश अनिबार्य रुपमा पेश गरेपछि मात्र संझौता गरिनेछ ।

८.बोलपत्रदाताबाट बोलपत्रमा बोलकबोल रकम अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्ने छ ।

९. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. ठेक्का सम्वन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।

१२.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१३.ठेक्का सम्बन्धि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारर्बाही गरिनेछ ।

१४.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित ), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित ) र प्रचलित ऐन कानुन  बमोजीम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत